# सर्वसाधारणसँग भएका पुराना (Non-MICR) चेकहरु क्लियरिङ्ग सम्बन्धमा नेपाल राष्ट्र बैंकको

# सूचना

नेपाल क्लियरिङ्ग हाउस मार्फत संचालित Electronic Clearing House (ECC) पूर्ण रुपमा संचालनमा आइसकेको हुँदा यस बैंकले मिति २०७१/०४/१२ मा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरेको ।

(१) २०७१ कात्तिक १ गते देखि बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकलाई चेक जारी गर्दा Magnetic Ink Character Recognition (MICR) भएका चेक मात्र जारी गर्नुपर्ने ।

(२) ग्राहकसँग भएका पुराना (Non–MICR) चेकहरु सो मिति देखि छ महिनासम्म अर्थात २०७१ चैत्र मसान्तसम्म प्रयोगमा ल्याईसक्नु पर्ने ।

(३) २०७२ बैशाख १ गते पश्चात् MICR भएका चेकहरु मात्र क्लियरिङ्ग हुने र पुराना (Non–MICR) चेकहरु क्लियरिङ्ग नहुने ।

(४) बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकलाई यो व्यवस्था बमोजिम २०७२ बैशाख १ गते पश्चात् पुराना (Non–MICR) चेकहरु क्लियरिङ्ग नहुने व्यहोरा जानकारी गराउने व्यवस्था गर्नुपर्ने ।

उपरोक्त व्यवस्था लागु गर्ने सिलसिलामा अझै पनि पुराना (Non–MICR) चेकहरु सर्वसाधारणसँग धेरै मात्रामा रहेको बुझिएको हुँदा सो व्यवस्था पूर्ण रुपमा कार्यान्वयनमा ल्याउँदा सर्वसाधारणलाई कठिनाई हुने देखिएकोले २०७२ बैशाख देखि २०७२ असारसम्मको लागि पूर्ववत रुपमा पुराना (Non MICR) चेकको क्लियरिङ्ग हुने व्यवस्था मिलाइएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

पुनश्चः २०७२ साउन १ गते देखि पुराना (Non–MICR) चेकहरुको क्लियरिङ्ग नहुने व्यहोरा समेत अनुरोध गरिन्छ ।